आज मिति २०७६।०९।१५ गते मङ्गरबारका दिन जिल्ला प्रशासन कार्यालयको सभा हलमा जिल्ला समन्वय समिति, पर्साका प्रमुख श्री नेक मोहम्मद अन्सारीज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा समन्वय बैठक बसी जिल्लाको शान्ति सुरक्षा र अपराध नियन्त्रण, सेवा प्रवाह र विकास निर्माण, विपद व्यवस्थापन, विकास निर्माणमा समन्वय र सहजीकरण लगायतका विषयमा छलफल गरी देहाय अनुसारको निर्णय गरियोः

उपस्थितिः

| | | |
|---|---|---|
| श्री नेक मोहम्मद अन्सारी | प्रमुख | जिल्ला समन्वय समिति (संयोजक) |
| श्री विजय कुमार सरावगी | प्रमुख | वीरगञ्ज महानगरपालिका (प्रमुख अतिथि) |
| श्री नितेन्द्र प्रसाद साह तेली | प्रमुख | बहुदरमाई नगरपालिका |
| श्री दीप नारायण रौनियार | प्रमुख | पोखरिया नगरपालिका |
| श्री लोक नारायण यादव | प्रमुख | पर्सागढी नगरपालिका |
| श्री शान्ति कार्की | उपप्रमुख | वीरगञ्ज महानगरपालिका |
| श्री ठाकुर प्रसाद न्यौपाने | उपप्रमुख | जिल्ला समन्वय समिति |
| श्री श्रीलाल साह | अध्यक्ष | विन्दबासिनी गाऊँपालिका |
| श्री विजय कुमार चौरसिया | अध्यक्ष | पकाहामैनपुर गाऊँपालिका |
| श्री नथुनी प्रसाद | अध्यक्ष | कालिकामाई गाऊँपालिका |
| श्री मनोज कुमार गुप्ता | अध्यक्ष | छिपहरमाई गाऊँपालिका |
| श्री सुरेश कुमार कुर्मी | अध्यक्ष | धोविनी गाऊँपालिका |
| श्री जालिम मिया मन्सुर | अध्यक्ष | जगरनाथपुर गाऊँपालिका |
| श्री प्रदीप कुमार जैसवाल | अध्यक्ष | सखुवा पर्सौनी गाऊँपालिका |
| श्री हरिनारायण चौधरी | अध्यक्ष | पटेर्वा सुगौली गाऊँपालिका |
| श्री रामपृत महतो | अध्यक्ष | जिरा भवानी गाऊँपालिका |
| श्री पदम लाल श्रेष्ठ | अध्यक्ष | ठोरी गाऊँपालिका |
| श्री गायत्री देवी | उपप्रमुख | बहुदरमाई नगरपालिका |
| श्री सलमा खातुन | उपप्रमुख | पोखरिया नगरपालिका |
| श्री अर्चना चौधरी | उपप्रमुख | पर्सागढी नगरपालिका |
| श्री जितेन्द्र बस्नेत | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय |
| श्री किरण देवी | उपाध्यक्ष | विन्दबासिनी गाऊँपालिका |
| श्री कुसुम देवी | उपाध्यक्ष | पकाहामैनपुर गाऊँपालिका |
| श्री राजेश कुमार चौरसिया | उपाध्यक्ष | कालिकामाई गाऊँपालिका |

| | | |
|---|---|---|
| श्री मदिना खातुन | उपाअध्यक्ष | छिपहरमाई गाऊँपालिका |
| श्री पारसनाथ प्रसाद कुर्मी | उपाअध्यक्ष | धोविनी गाऊँपालिका |
| श्री विस्मिला खातुन | उपाअध्यक्ष | जगरनाथपुर गाऊँपालिका |
| श्री फूलमती देवी चौधरी | उपाअध्यक्ष | सखुवा पर्सौनी गाऊँपालिका |
| श्री ममता महतो | उपाअध्यक्ष | पटेर्वा सुगौली गाऊँपालिका |
| श्री उषा देवी थरुनी | उपाअध्यक्ष | जिरा भवानी गाऊँपालिका |
| श्री शान्ति थिङ | उपाअध्यक्ष | ठोरी गाऊँपालिका |
| श्री उमेश बस्नेत | प्रमुख प्रशासकीय अधिकृत | वीरगञ्ज महानगरपालिका |
| श्री ललित कुमार बस्नेत | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय |
| श्री सोमेन्द्र सिंह राठौर | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय |
| श्री दिपेन्द्र कुँवर | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी वल १३ नं. गण |
| श्री कुमार खड्का | उप अनुसन्धान निर्देशक | रा. अ. वि. जिल्ला कार्यालय |
| श्री कल्याण सिलवाल | सेनानी | चण्डी प्रसाद गण |
| श्री शालिक राम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | बहुदरमाई नगरपालिका |
| श्री विजय कुमार झा | नि.प्रमुख प्रशासकीय अधिकृत | पोखरिया नगरपालिका |
| श्री शालिक राम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | पर्सागढी नगरपालिका |
| श्री मुन्ना साह रौनियार | नि.प्रमुख प्रशासकीय अधिकृत | विन्दबासिनी गाऊँपालिका |
| श्री | प्रमुख प्रशासकीय अधिकृत | पकाहामैनपुर गाऊँपालिका |
| श्री राजु प्रसाद साह | प्रमुख प्रशासकीय अधिकृत | कालिकामाई गाऊँपालिका |
| श्री देवनाथ साह | प्रमुख प्रशासकीय अधिकृत | छिपहरमाई गाऊँपालिका |
| श्री | प्रमुख प्रशासकीय अधिकृत | धोविनी गाऊँपालिका |
| श्री | प्रमुख प्रशासकीय अधिकृत | जगरनाथपुर गाऊँपालिका |
| श्री शैलेन्द्र कुमार यादव | प्रमुख प्रशासकीय अधिकृत | सखुवा पर्सौनी गाऊँपालिका |
| श्री भुजेन्द्र प्रसाद यादव | प्रमुख प्रशासकीय अधिकृत | पटेर्वा सुगौली गाऊँपालिका |
| श्री | प्रमुख प्रशासकीय अधिकृत | जिरा भवानी गाऊँपालिका |
| श्री धर्मराज थापा | प्रमुख प्रशासकीय अधिकृत | ठोरी गाऊँपालिका |
| शरीफ गद्दी | | जगन्नाथपुर गाउँपालीका |
| देवनाथ यादव | नि. जि. स. अ. | जिल्ला समन्वय समिति, पर्सा। |

छलफलका विषयवस्तुहरुः

१. शान्ति सुरक्षा र अपराध नियन्त्रण सम्वन्धमा।

२. सेवा प्रवाह र सुशासन सम्वन्धमा।

३. विपद व्यवस्थापन सम्वन्धमा।

४. विकास निर्माण सहजीकरण सम्वन्धमा।

५. बजार अनुगमन/ नियमन सम्वन्धमा।

६. राजस्व चुहावट एवं सीमापार अपराध नियन्त्रण सम्वन्धमा।

७. नदीजन्य, खानीजन्य पदार्थ र वन पैदावर सम्वन्धमा।

८. सार्वजनिक/ सरकारी/ गुठी जग्गा संरक्षण सम्वन्धमा।

९. सीमा सुरक्षा एवं व्यवस्थापन सम्वन्धमा।

१०. भ्रमण वर्ष २०२० सम्वन्धमा।

११. नियमित बैठक गर्ने सम्वन्धमा।

निर्णयहरु :

१. प्रस्ताव नं १ अनुरुप जिल्लाको समग्र शान्ति सुरक्षा र अपराध नियन्त्रणको हालको अवस्थाको समीक्षात्मक विश्लेषण गरियो। जिल्लाको शान्ति सुरक्षा कायम गर्न र विभिन्न प्रकृतिका अपराधजन्य कार्यहरुलाई नियन्त्रण गर्न स्थानीय तहले सुरक्षा निकायहरुलाई आवश्यक सहयोग र समन्वय गर्ने।

२. जिल्लास्थित सरकारी कार्यालयहरु र स्थानीय तहका कार्यालयहरुबाट सम्पादित हुने सेवा प्रवाहका गतिविधिहरुलाई सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउदै छिटोछरितो, भरपर्दो र प्रभावकारी ढङ्गबाट सम्पादन गरी आम जनतालाई सुशासनको प्रत्याभूति दिलाउने ।

३. केही समयदेखि मौसम परिवर्तन भई शीतलहर र अति चिसो बढ्न गई जनमानसको दैनिकीमा प्रभाव परेको र अति विपन्न एवं सिमान्तकृत वर्ग, जेष्ठ नागरिक, अशक्त, अपाङ्ग, सुत्केरी तथा गर्भवती महिला, बालबालिका र असाहय एवं घर परिवारबाट परित्यक्त व्यक्तिहरु चिसोजन्य विपदको उच्च जोखिममा पर्न सक्ने भएको हुनाले स्थानीय तह र सरोकारवाला निकायहरुले निजहरुलाई पहिलो प्राथमिकतामा राखी जोखिम न्यूनीकरणका लागि न्यानो कपडा, कम्वल वितरण तथा सामुहिक रुपमा आगो ताप्ने व्यवस्था गर्ने। केही सञ्चार माध्यमहरुबाट चिसोको कारण मानिसहरुको मृत्यू भएको समाचार सम्प्रेषण गरेको पाइएकोले त्यस्ता घटनाहरु भएको भए स्थानीय तहहरुले स्थानीयस्तरमा रहेका प्रहरी

इकाईहरुमा पूर्व जानकारी गराई कानूनी प्रक्रिया पूरा गराएर मात्र अन्तिम संस्कार गर्न लगाउने साथै त्यस्ता घटना हुन नदिन जोखिममा रहेका व्यक्तिहरुको जीवन रक्षाका लागि पूर्व सावधानी अपनाउने ।

४. स्थानीय तह र सम्वन्धित सरोकारवाला निकायहरुले आफू मातहत सञ्चालित विकास निर्माणका कामको लागत, समय, परिमाण र गुणस्तर अनुरुप भए नभएको सम्वन्धमा निरन्तर अनुगमन गरी आयोजना सञ्चालनका क्रममा कुनै किसिमको बाधा अवरोध वा समस्या भएको भए सोको निराकरणका लागि समयमा नै समुचित उपायहरु अवलम्वन गर्ने । विकास निर्माणका आयोजना सञ्चालनका क्रममा देखा परेका समस्याहरुलाई अन्तर निकाय समन्वयका माध्यमबाट समाधान गर्नु पर्ने अवस्था सिर्जना भएमा आवश्यक समन्वय गर्ने ।

५. परिमार्जित कानूनी प्रावधान अनुसार स्थानीय बजार अनुगमनको काम सम्वन्धित स्थानीय तहको जिम्मेवारी भित्र परेको हुँदा सबै स्थानीय तहहरुले बजारमा देखिएका विकृति विसङ्गतिहरुलाई नियमित रुपमा अनुगमन नियमन गरी नियन्त्रण गर्ने र सोका लागि सुरक्षा लगायत अन्य निकायको समेत संलग्नता आवश्यक परेमा समन्वय गरी संयुक्त बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने ।

६. पर्सा जिल्लाको १०७ किलोमिटर खुल्ला सिमानाका कारण अवैध व्यापार, चोरी पैठारी/ निकासी, निषेधित बस्तुको तस्करी, चेलीबेटी ओसारपसार तथा बेचबिखन लगायतका सीमापार अपराधहरु भइरहेको भन्ने जनगुनासोलाई मध्यनजर गर्दै सीमा क्षेत्रमा अवस्थित स्थानीय तहहरुले स्थानीयस्तरमा खटिएका सुरक्षा संयन्त्रहरुलाई आवश्यक सहयोग गरी गैरकानूनी गतिविधिमा संलग्न व्यक्तिहरुलाई कानुनी दायरामा ल्याउन मद्दत गर्ने ।

७. नदीजन्य, खानीजन्य तथा वन पैदावर जस्ता प्राकृतिक स्रोत साधनको महत्तम उपयोग गर्ने रणनीति अवलम्वन गरी सबै स्थानीय तहहरुले यसको दूरुपयोग हुन नदिन र अबैध रुपमा तस्करी गर्ने कार्यलाई नियन्त्रण गर्न स्थानीयस्तरमा खटिएका सुरक्षा संयन्त्रहरुलाई आवश्यक सहयोग गरी कानुनी दायसमा ल्याउन मद्दत गर्ने ।

८. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण एवं सम्वर्द्धन गर्ने स्थानीय सरकार र स्थानीय प्रशासनको संयुक्त दायित्व भएको हुँदा जिल्लाका सबै स्थानीय तह अन्तर्गत रहेका सरकारी तथा सार्वजनिक जग्गाहरुको लगत संकलन गरी अतिक्रमण हुनबाट जोगाउनका लागि आवश्यक पहल गर्ने । गुठीका जग्गाहरुको संरक्षणमा समेत समुचित ध्यान दिने ।

९. सीमाको सुरक्षाका लागि सीमावर्ती क्षेत्रका नागरिकहरुले विना बर्दीको सिपाहीका रुपमा पहरेदारको भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा सीमावर्ती क्षेत्रमा अवस्थित स्थानीय तहहरुले सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन सीमाको सुरक्षाका लागि खटिएका सुरक्षा संयन्त्रहरुलाई आवश्यक सहयोग गरी सीमा स्तम्भको संरक्षण एवं सुरक्षा, नेपाली भूमिको अतिक्रमणको समयमा नै खवरदारी गर्ने र सीमाको समुचित व्यवस्थापनका लागि पृष्ठपोषण दिने ।

१०. आसन्न नेपाल भ्रमण वर्प २०२० को लागि सबै स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तह भित्र पहिचान गरिएका पर्यटकीय गन्तव्य स्थलहरुको प्रचार प्रसार गरी बढी भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने गरी आन्तरिक तयारी गर्ने । यसका लागि स्थानीय प्रशासनले सुरक्षा लगायतका आवश्यक सहयोग गर्ने ।

२.१० बजे

११. यस किसिमको समन्वयकारी बैठक प्रत्येक महिनाको २ गते (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट), हरेक स्थानीय तहमा पालैपालो आयोजना गरी समीक्षात्मक छलफल गर्ने । आगामी बैठक वीरगञ्ज महानगरपालिकाले आयोजना गर्ने निर्णय गरियो ।